Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel: +977-1-4427842, 4427843, 4427824
Fax: +977-1-4427044, P.O.Box: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

Ref:CBIL/COMP/078/79-223

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

मिति: २०७८/०६/२५

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार, काठमाण्डौ ।

**विषयः पन्धौं वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,
यस बैंकको मिति २०७८/०६/२५ गते दिनको ४:३० बजे बसेको संचालक समितिको ३८० औं बैठकले निर्णय गरे अनुसार यस बैंकको पन्धौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०७८ साल कार्तिक महिना १६ गते (तदअनुसार २ नोभेम्बर, २०२१) मंगलबार
स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग ,काठमाण्डौं ।
सभा सुरु हुने समय :- साँझ ४.०० बजे

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ३.०८७ प्रतिशतका दरले हुन आउने रु.३८,८२,५६,८०७.२४/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री के.के.बुढाथोकी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५ बैंकको नियमावली अनुसार समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ (दुई) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२.९१३ प्रतिशतका दरले हुन आउने रु.१,६२,४०,५०,८९१.१०/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क-१)बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

भवदीय

Rajendra

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव